नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

इलाम

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

☎०२७-५२३५५५,५२३१२५, ५२३९८८ 🖷०२७-५२०१८८

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८३/०८४

च.नं.

मितिः २०८३/०६/१३

नेपाल सम्बत् ११४६

## राजदुवाली सडक खण्डमा सवारी आवागमन बन्द हुने सम्बन्धी संशोधित जरुरी सूचना

इलाम सदरमुकामलाई राष्ट्रिय सडक सञ्जालसंग जोड्ने मुख्य राजमार्ग मेची राजमार्गको राजदुवाली खण्डमा पहिरो नियन्त्रणको कार्य निर्माणाधिन अवस्थामा रहेको व्यहोरा सबैलाई विदितै छ ।सोही सन्दर्भमा उक्त सडकखण्डमा इनार (Drainage Well) तथा कल्भर्ट निर्माण गर्ने क्रममा मेशिनरी उपकरणहरु प्रयोग गर्दा हुन सक्ने दुर्घटना न्यूनीकरण गर्न साथै निर्वाध रुपमा काम गर्न मिति २०८३ असोज ३ र ४ गते दुई दिनको लागि उक्त सडकखण्ड पूर्णरुपमा बन्द हुने भनी प्रकाशित सूचनालाई लोक सेवा आयोगको परीक्षा लगायतको कारणले संशोधन गरी मिति २०८३ भदौ ३० मा २०८३ असोज ६ र ७ गते उक्त सडकखण्ड पूर्ण रुपमा बन्द रहनेगरी संशोधित सूचना प्रकाशित गरिएकोमा उक्त समयमा समेत जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाबाट जारी भएको विशेष बुलेटिन अनुसार असोज ७ देखि ११ गतेसम्म भारी/अतिभारी बर्षा हुने मौसम पूर्वानुमानको आधारमा सो सडक मर्मतको कार्य तत्कालको लागि स्थगन गरिएको र हाल मौसममा सुधार भई Dewatering Well को निर्माण कार्य गर्न मिति २०८३ साल असोज १५ र १६ गते राजदुवाली सडक खण्ड पूर्ण रुपमा बन्द गरी निर्माण कार्य गर्नको लागि सडक डिभिजन इलामको च.नं. ४९२ मिति २०८३/०६/१३ गतेको पत्रबाट लेखी आएकोहुँदा उक्त सडक खण्ड **२०८३ साल असोज १५ र १६ गते** पूर्ण रुपमा बन्द हुने र सो अवधिमा ठूला सार्वजनिक सवारी साधनहरु मेची कोरिडोर र साना सवारी साधनहरु सिमलगोलाई-तिल्केनी सडक प्रयोग गर्ने गरी पुनः यो संशोधित सूचना गरिएको व्यहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारीको लागि अनुरोध छ ।

(राजु प्रसाद पौडेल)

सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

Website : daoilam.moha.gov.np Email: cdoilam@gmail.com ☎०२७-५२०५५५ ☎०२७-५२०१२५ 🖷०२७-५२०१८८